नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
**ई.पी.एस.कोरिया शाखा**
**ग्वार्को, ललितपुर ।**

**सूचना !** **सूचना !!** **सूचना !!!**

**२०७७/०६/१५**

बिश्वब्यापी रुपमा तिब्रतर फैलिरहेको कोरोना भाईरस (COVID-19) को कारणले गर्दा बिगत केही समय देखी EPS प्रणाली बमोजिम रोजगारीका लागी कोरिया प्रवेश अबरुद्द हुदै आएको छ । कोरिया Entry सुचारु गर्ने सम्बन्धमा वैदेशिक रोजगार विभाग ई.पी.एस कोरिया शाखा तथा श्रम, रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयबाट समेत कोरिया सरकार समक्ष बिभिन्न तहमा बैठक तथा छलफल भएका साथै औपचारीक रुपमा पत्राचार समेत हुदै आएको छ ।

पछिल्लो समय यस बिषयमा Facebook लगायत बिभिन्न सामाजिक सञ्जालहरुमा सम्प्रेशण भए गरिएका अनाधिकृत सूचना तथा जानकारीबाट सरोकारवालाहरुमा भ्रम सृजना भएको हुँदा त्यस्ता सूचना सम्प्रेषण नगर्न र त्यस्ता सूचनाहरुमा बिश्वास नगर्न ससेत अनुरोध गर्दछौ । साथै ई.पी.एस सम्बन्धि जानकारी, सूचना तथा ई.पी.एस प्रकृयाका सम्बन्धमा यस शाखाबाट बिभिन्न माध्यम (website, सूचनापाटी) बाट सम्प्रेषण भएका पूर्व सूचनाहरु हेर्नु हुन साथै आगामी दिनमा समेत यस शाखाको आधिकारिक वेवसाईट http://epsnepal.gov.np/ तथा फोन नं. ०१-५१८६३४९/०१-५१८६३५० बाट सूचना लिई स्पष्ट हुन समेत सूचित गरिन्छ।

**"कोरोनाबाट बच्न सुरक्षित उपाय अपनाऔं । आफु पनि बचौं, अरुलाई पनि बचाऔ।"**

**धन्यबाद !**